## कलैया उपमहानगरपालिका

## नगर कार्यपालिकाको बैठक नं.०६/०८०/८१

आज मिति २०८०।०७।२० गते सोमवार दिउँसो १(एक) बजे कलैया उपमहानगरपालिकाका नगर प्रमुख श्री बिनोद प्रसाद साह ज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको बैठक नं.०६।०८०।८१ (छैटौं बैठक) मा निम्नानुसारको पदाधिकारीहरूको उपस्थितिमा बैठक बसियो ।

### उपस्थिति

| क्र.सं. | नाम, थर | पद | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १. | बिनोद प्रसाद साह | नगर प्रमुख | | |
| २. | रौशन परविन | नगर उपप्रमुख | | |
| ३. | मोहन बहादुर क्षेत्री | वडा अध्यक्ष, वडा नं.१ | | |
| ४. | राजेश कुमार महतो | वडा अध्यक्ष, वडा नं.२ | | |
| ५. | मोहन साह कानु | वडा अध्यक्ष, वडा नं.३ | | |
| ६. | रामेश्वर प्रसाद यादव | वडा अध्यक्ष, वडा नं.४ | | |
| ७. | किशुन राउत अहिर | वडा अध्यक्ष, वडा नं.५ | | |
| ८. | रामविश्वास ठाकुर लोहार | वडा अध्यक्ष, वडा नं.६ | | |
| ९. | सैफुल्लाह मिया अंसारी | वडा अध्यक्ष, वडा नं.७ | | |
| १०. | रंजित चौरसिया | वडा अध्यक्ष, वडा नं.८ | | |
| ११. | पुरुषोत्तम सिं पाण्डे | वडा अध्यक्ष, वडा नं.९ | | |
| १२. | महम्मद सबिर | वडा अध्यक्ष, वडा नं.१० | | |
| १३. | अजय कुमार कुशवाहा | वडा अध्यक्ष, वडा नं.११ | | |
| १४. | लालबाबु महतो | वडा अध्यक्ष, वडा नं.१२ | | |
| १५. | राजेश महथा खत्री | वडा अध्यक्ष, वडा नं.१३ | | |
| १६. | सुरेन्द्र प्रसाद जैसवाल | वडा अध्यक्ष, वडा नं.१४ | | |
| १७. | भोरिक प्रसाद यादव | वडा अध्यक्ष, वडा नं.१५ | | |
| १८. | शेषनाथ साह तेली | वडा अध्यक्ष, वडा नं.१६ | | |
| १९. | दिपेन्द्र महतो | वडा अध्यक्ष, वडा नं.१७ | | |

Scanned with CamScanner

| | | | | |
|---|---|---|---|---|
| २०. | धुरुप राउत अहिर | वडा अध्यक्ष, वडा नं.१८ | | |
| २१. | हरिन्द्र राउत कुर्मी | वडा अध्यक्ष, वडा नं.१९ | | |
| २२. | मो. आलम पावरिया | वडा अध्यक्ष, वडा नं.२० | | |
| २३. | शिवबिहारी चौधरी | वडा अध्यक्ष, वडा नं.२१ | | |
| २४. | शिवचन्द्र कामी | वडा अध्यक्ष, वडा नं.२२ | | |
| २५. | अमिन अंसारी | वडा अध्यक्ष, वडा नं.२३ | | |
| २६. | हिरालाल चौधरी | वडा अध्यक्ष, वडा नं.२४ | | |
| २७. | चन्दन पटेल | वडा अध्यक्ष, वडा नं.२५ | | |
| २८. | धर्मेन्द्र प्रसाद यादव | वडा अध्यक्ष, वडा नं.२६ | | |
| २९. | अशोक कुमार तिवारी | वडा अध्यक्ष, वडा नं.२७ | | |
| ३०. | चम्पा देवी | कार्यपालिका सदस्य | | |
| ३१. | कल्पना अधिकारी नेपाल | कार्यपालिका सदस्य | | |
| ३२. | ललिता देवी | कार्यपालिका सदस्य | | |
| ३३. | कान्ती कुमारी | कार्यपालिका सदस्य | | |
| ३४. | लिलावती कुमार लोहार | कार्यपालिका सदस्य | | |
| ३५. | उदित कुमार साह कानु | कार्यपालिका सदस्य | | |
| ३६. | राजेश्वर सिंह | कार्यपालिका सदस्य | | |
| ३७. | नाथु साह | प्रमुख प्रशासकीय अधिकृत | | |

**बैठकमा आमन्त्रित तथा सहजीकरण गर्ने कर्मचारीहरूको उपस्थिति**

| क.सं. | नाम, थर | पद | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १. | दिवाकर झा | प्रशासन शाखा प्रमुख | | |
| २. | तपसी प्रसाद चौरसिया | प्रा.अ. | | |
| ३. | मन्जु सोनार | सहायक, पाँचौं | | |
| ४. | प्रेम कुशवाहा | का.स. | | |

Scanned with CamScanner

कलैया उपमहानगरपालिका

नगर कार्यपालिकाको बैठक नं.०६/०८०/८१ मिति २०८०।०७।२० गतेको एजेण्डा तथा निर्णयहरू

छलफल गरिने विषयहरू र निर्णयहरू (Agendas and Decisions)

१. गरिब घर परिवार पहिचान परिचयपत्र वितरण सम्बन्धमा ।

निर्णयः गुनासो. सुनुवाई अधिकारीले यस उपमहानगरपालिकामा रहेका गरिब घर परिवार पहिचान सम्वन्धी पेश गरेका प्रतिवेदनमाथि छलफल गरी छुट पछि बस्ने कार्यपालिका बैठकमा स्वीकृतिको लागि पेश गर्ने निर्णय गरियो।

२. ढुङ्गा गिट्टी लिलाम सम्बन्धमा ।

निर्णयः मानमत मटिअर्वा सडक बनाउने क्रममा कलैया-२४ श्रीपुर स्थित रहेको ढुङ्गा, गिट्टीहरू छोडी गईसकेकोले जग्गा धनीले आफ्नो जग्गा खाली गराइदिने भनी दिएको निवेदन अनुसार उक्त सामग्रीहरू लिलाम गरी जग्गा खाली गराउन आवश्यक देखिएकोले न्यूनतम रकम सिफारिस गर्न तपसिल बमोजिमको न्यूनतम रकम सिफारिस समिति गठन गर्ने निर्णय गरियो ।

संयोजकः श्री शेषनाथ साहः वडा अध्यक्ष-१६

सदस्यः श्री मोहन बहादुर क्षेत्रीः वडा अध्यक्ष-१

सदस्यः श्री हिरालाल चौधरीः वडा अध्यक्ष-२४

सदस्यः श्री राजकुमार साहः प्राविधिक शाखा प्रमुख

सदस्यः श्री मुकेश कुमार मण्डलः सव-इन्जिनियर

३. कवाडी सामान लिलाम सम्बन्धमा ।

निर्णयः यस उपमहानगरपालिकामा रहेको काम नलाग्ने, थोत्रो, थुपरिएर रहेका जिन्सी सामानहरू तथा जिन्सी प्रतिवेदन अनुसार पनि लिलाम गर्नुपर्ने औल्याईएको जिन्सी सामग्री, पुरानो थोत्रो परेको काम नलाग्ने कवाडी सामानहरू लिलाम गर्न तपसिल बमोजिमको समिति गठन गर्ने निर्णय गरियो । यस समितिले नै लिलाम सम्बन्धी न्यूनतम अंक कायम लगायत लिलाम सम्वन्धी सम्पूर्ण कार्य गर्नेछ ।

संयोजकः इन्जिनियरः श्री माधव प्रसाद यादव

सदस्यः जिल्ला प्रशासन कार्यालयको प्रतिनिधिः

सदस्यः को.ले.नि.का. प्रतिनिधिः

सदस्यः यान्त्रिक डिभिजन कार्यालयको प्राविधिक प्रतिनिधिः

सदस्य-सचिवः जिन्सी शाखा प्रमुखः श्री नरोत्तम अधिकारी

४. खर्च मापदण्ड अनुसरण गर्ने सम्बन्धमा ।

निर्णयः यस उपमहानगरपालिकाको आफ्नो खर्च मापदण्ड नरहेको, संघीय सरकार र प्रदेश सरकारले खर्च मापदण्ड तयार गरी लागू गरेको सन्दर्भमा छलफल गर्दा संघीय सरकारको खर्च मापदण्डलाई अनुसरण गर्ने निर्णय गरियो ।

CamScanner

**५. आन्तरिक स्रोतमा बजेट थप गरी चालु तर्फको दायित्व शिर्षकमा बजेट थप गर्ने सम्बन्धमा ।**

**निर्णयः** आगामी नगर सभाबाट अनुमोदन हुने गरी आन्तरिक स्रोतमा रु.२,५०,००,०००।—(दुई करोड पचास लाख मात्र) बजेट थप गरी चालु तर्फको दायित्व शिर्षकमा बजेट थप गर्ने निर्णय गरियो ।

**६. कार्यविधि स्वीकृत गर्ने सम्बन्धमा ।**

**निर्णयः** अनुदानमा सामूदायिक विकास तथा भौतिक पूर्वाधार विकास निर्माण सम्बन्धी कार्यविधि, २०८० लाई स्वीकृत गर्ने निर्णय गरियो ।

**७. राजस्व शाखाबाट न्यूनतम अंक कायम गर्ने नगर प्रमुख स्तरीय निर्णय अनुमोदन सम्बन्धमा।**

**निर्णयः** यस उपमहानगरपालिकाको वडा नं.७, १०, १२ र १८ स्थित रहेको माछा पोखरी ठेक्का लगाउन न्यूनतम अंक तोकी पटक-पटक सूचना प्रकाशन गर्दा समेत ठेक्का लाग्न नसकेकोले राजस्व परामर्श समिति समितिको सिफारिसमा कार्यपालिका बैठकबाट पटक पटक न्यूनतम अंक घटाई सूचना प्रकाशन गर्दा समेत उक्त पोखरीहरू ठेक्का लाग्न नसकेकोले मिति २०८०।०६।१४ गते बैठक नं.०४।०८०।८१ गतेको कार्यपालिका बैठकको निर्णयानुसार गठन भएको अनुगमन समितिले स्थलगत अनुगमन गरी मिति २०८०।०६।२५ गते बैठक बसी उक्त सबै पोखरीहरूको साविक मूल्यमा १५% घटाई कार्यपालिका बैठकमा पेश गर्ने भन्नी भएको निर्णयलाई अनुमोदन गर्ने निर्णय गरियो ।

**८. एफ.एम.सम्झौता गर्न बजेट विनियोजन सम्बन्धमा ।**

**निर्णयः** गत विगत वर्ष झै यस उपमहानगरपालिकाको सूचनाहरू सम्प्रेषण गर्न, प्रचार प्रसार तथा सूचनामूलक, जानकारीमूलक तथा जनचेतनामूलक जानकारीहरू प्रसारण गर्नको लागि यस उपमहानगरपालिका क्षेत्रभित्र रहेका एफ.एम.हरू सँग सम्झौता गरी प्रसारण हुँदै आएकोमा यस वर्ष पनि बाल हेल्पलाईन कार्यक्रम शिर्षकमा रहेका रु.१०,००,०००।—(दश लाख मात्र) कार्यक्रम खर्च नगर गतिविधि समेत शिर्षकमा विनियोजन गरी विगत वर्षकै दररेट अनुसार श्रावण देखि सूचना सम्प्रेषण गर्दै आइरहेका संस्कार एफ.एम. तथा विश्वास एफ.एम. सँग आ.व.०८०।८१ को लागि सम्झौता गर्ने निर्णय गरियो ।

**९. विद्यालय व्यवस्थापन समिति विघटन सम्बन्धमा ।**

**निर्णयः** यस प्रस्ताव माथि छलफल गर्दा यस पालिका अन्तर्गत संचालित तपसिल बमोजिमका सामुदायिक विद्यालयहरूको विद्यालय व्यवस्थापन समितिले विद्यालयको कामकारबाही संतोषजनक नगरेकोले कलैया उपमहानगरपालिकाको नगर शिक्षा नियमावली, २०७४ को नियम ३१ (ख, घ, ङ) बमोजिम विघटन गर्नको लागि नगर शिक्षा समितिले सिफारिस गरे अनुसार गर्ने गरी निर्णय गरियो ।

तपसिल

(१) श्री जनज्योती आ.वि. सगरदिना
(२) श्री ने.रा.आ.वि. उत्तरझिटकैया

CamScanner

१०. वडा स्तरीय योजनामा शिक्षक तथा कर्मचारी व्यवस्थापन सम्बन्धमा ।

**निर्णयः** यस प्रस्ताव माथि छलफल गर्दा वडा स्तरीय योजनाबाट विगतका आ.व.हरू देखि सामुदायिक विद्यालयहरूमा कार्यरत शिक्षक तथा कर्मचारीहरूको लागि विद्यालयबाट सेवा निरन्तरताको निर्णय गरी आ.व. २०८०।८१ मा समेत वडा स्तरीय योजनामा विनियोजन भएको हकमा शिक्षक तथा कर्मचारीहरूको पारिश्रमिक असार मसान्तसम्मको लागि विद्यालयको खातामा निकासा दिने र आ.व. २०८०।८१ मा पहिलो पटक वडाबाट सामुदायिक विद्यालयहरूमा शिक्षक तथा कर्मचारी व्यवस्थापनको लागि विनियोजन भएको रकम नगर शिक्षा नियमावली, २०७४ को नियम ६२ र तोकिएको कार्यविधि अनुसार नियुक्तिको सम्पूर्ण प्रक्रिया पूरा गरी विद्यालयबाट माग भई आए बमोजिम निकासा दिने निर्णय गरियो ।

**११. आर्थिक सहायता, धर्म सँस्कृति र दैवी प्रकोप वितरण सम्बन्धी ऐन, २०८० संशोधन सम्बन्धमा ।**

**निर्णयः** आर्थिक सहायता, धर्म सँस्कृति र दैवी प्रकोप वितरण सम्बन्धी ऐन, २०८० को दफा ९(ग) मा तपसिल बमोजिम आगामी नगर सभाबाट अनुमोदन हुने गरी संशोधन गर्ने निर्णय गरियो ।

तपसिल

"वडा स्तरीय धर्म सँस्कृति प्रवर्द्धनको लागि वडा स्तरीय योजनाबाट सम्बन्धित वडा समितिको निर्णयानुसार बजेट विनियोजन गर्न सक्नेछ"

१२. दुर्गा पुजाको लागि आर्थिक सहयोग सम्बन्धमा ।

**निर्णयः** कलैया उपमहानगरपालिका वडा नं.१ हाटबजार स्थित सनाउने दुर्गा पुजाको लागि गत विगत वर्ष झै यस वर्ष पनि यस उपमहानगरपालिकाबाट रु.८८,०००।—(अठासी हजार मात्र) उपलब्ध गराउने निर्णय गरियो ।

१३. अनुदान सम्बन्धमा ।

**निर्णयः** वडाहरूले विभिन्न निकायमा दिने अनुदानलाई वडाकै बजेट सिलिङ्गबाट कट्टा हुने गरी स्वीकृत गर्ने निर्णय गरियो ।

१४. आर्थिक सहयोग सम्बन्धमा ।

**निर्णयः** तपसिल बमोजिमको आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

(क) कलैया-४ निवासी मुक्ति देवीको सडक विस्तारमा घर भत्केकोले निजलाई क्षतिपूर्ति वापत रु.५०,०००।—(पचास हजार मात्र) आर्थिक सहयोग उपलब्ध गराउने

(ख) कलैया-४ निवासी ब्यासपति कोइरीनको सडक विस्तारमा घर भत्केकोले निजलाई क्षतिपूर्ति वापत रु.२,३०,०००।—(दुई लाख तीस हजार मात्र) आर्थिक सहयोग उपलब्ध गराउने

(ग) कलैया-१ स्थित रामजानकी मन्दिरमा मिति २०८०।०७।०९ गते भएको मेलाको खर्च मेला समितिका अध्यक्ष श्री राजकुमार गुप्तालाई रु.३०,०००।—(तीस हजार मात्र) उपलब्ध गराउने निर्णय गरियो ।

(घ) प्रहरी चौकी बसतपुर कार्यालयको बाइक मरम्मतमा खर्च भएको रकम रु.१४०००।—(चौदह हजार मात्र) प्रहरी चौकीका अ.स.ई. कुलानन्द यादवलाई उपलब्ध गराउने निर्णय गरियो ।

(ङ) कलैया युवा विकास क्लब, कलैया-४, बारालाई कलैया इन्टरटेन्मेन्ट कपको गराउन लागेको खर्च वापत रु.४०,०००।—(चालिस हजार मात्र) उक्त क्लबका सदस्य श्री पप्पु प्रसाद यादवलाई उपलब्ध गराउने निर्णय गरियो ।

CamScanner

**१५. लेखा शाखाको कागजात राख्ने कोठा निर्माण सम्बन्धमा ।**

**निर्णयः** लेखा शाखाको कागजात राख्न हाल शाखा संचालन रहेको कोठामा कागजात राख्ने ठाउँ नरहेकोले उक्त शाखाका कागजातहरू राख्न सोही शाखाको माथि एक वटा कोठा निर्माण गर्ने निर्णय गरियो । । उक्त निर्माण कार्यको लगत ईस्टिमेट गराई निर्माण कार्यको सम्झौता गराउने र सोको भुक्तानी नगर स्तरीय मर्मत सम्भार कोष बाट गर्ने गराउने निर्णय गरियो ।

**१६. नाला निर्माण सम्बन्धमा ।**

**निर्णयः** यस उपमहानगरपालिका अन्तर्गत वडा नं.१ र ४ स्थित बैंक रोड NIC ASIA BANK को पश्चिम पट्टीको सडक देखि उत्तर तर्फ हेमन्त चौरसियाको घरसम्म जाने दुबै तर्फको नाला निर्माण कार्य अत्यावश्यक भएको हुँदा उक्त कार्यका लागि प्राविधिकबाट पेश हुन आएको ल.ई. बमोजिम उपभोक्ता समिति मार्फत गर्ने गराउने तथा सोको भुक्तानी यस कार्यालयको ठेक्का नं. KSMC/NCB/WORKS-03-080/81 ठेक्का विवरण: Park Planning and Beautification of Ram Janaki Temple (Phase-3) को ठेक्का लगाउदा ठेक्का घटीमा कबोल भएर बचत भएको रकम रु. 2403893.72/- तथा बाँकी रकम यस कार्यालयको आन्तरिक श्रोतबाट व्यहोर्ने निर्णय गरियो ।